बैठक संख्या - १०

मिति:२०७४।८।१३ गते बिहिवार

स्थान:- देवघाट गाउपालिका १नं वडाकार्यालय (मुकाम)

समय :-

यस देवघाट गाउपालिका गाउकार्यपालिको बैठक अध्यक्ष श्री दुर्गा बहादुर थापा ज्यू को अध्यक्षतामा बस्यो।

उपस्थिति

| हस्ताक्षर | नाम | पद |
|---|---|---|
| [हस्ताक्षर] | श्री दुर्गा बहादुर थापा | गा.पा. अध्यक्ष |
| [हस्ताक्षर] | श्री विमला थापा | " उपाध्यक्ष |
| [हस्ताक्षर] | श्री भिम बहादुर गुरुङ | वडाध्यक्ष देवघाट - १ |
| | श्री पोल बहादुर आले | " " - २ |
| | श्री कृतीमान आले | " " - ३ |
| [हस्ताक्षर] | श्री पदम बहादुर गुरुङ | " " - ४ |
| [हस्ताक्षर] | श्री याम बहादुर गुरुङ | " " - ५ |
| [हस्ताक्षर] | श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| [हस्ताक्षर] | श्री रत्न बहादुर घोर्ते | कार्यपालिका सदस्य |
| बाल | श्री बालकुमारी परियार | कार्यपालिका सदस्य |
| भोगीमाया | श्री भोगी माया राना | " " " |
| अनिता | श्री अनिता गुरुङ | " " " |
| प्रेम माया | श्री प्रेममाया गुरुङ | " " " |
| [हस्ताक्षर] | श्री रमेश सुवेदी | प्रमुख प्रशासकीय अधिकृत |
| [हस्ताक्षर] | श्री बुद्धि प्रसाद पोखरेल | योजना शाखा |
| | श्री विष्णु प्रसाद ढकाल | आर्थिक प्रशासन शाखा |

बैठक संख्या १० मिति: २०७४।०९।१३

प्रस्तावहरु

१) गाउँ सभा मिति तोक्ने

२) योजना तथा कार्यक्रममा लागत सहभागिता

३) शिक्षक विज्ञापन तथा सरुवा सिफरिस

४) देवघाट तिर्थ स्नान स्थल एवं शवघाट संरक्षण गुरु योजना

५) सार्वजनिक जग्गा नापी र संरक्षण

६) डि.पि.आर., लागत, ईष्टिमेट, डिजाइन ।

वडा नं १– १) गाउँ पालिका स्तरीय रंगशाला

२) छरछरे छहरा

वडा नं २– १) खाल्टे पार्क

२) मन्दिर

३) सामुदायिक अस्पताल

४) कृषि अनुसन्धान केन्द्र

५) कमलादेवी मन्दिर पार्क

६) घण्टाचुली

वडा नं ३– १) गोगन घारी

२) छिपछिपे भञ्ज्याङ्ग

वडा न. ४– १) करताप संग्राहलय

२) सोली घोप्टे भिर शिव मन्दिर

३) सिंचाङ्गगढी भ्यू

वडा न. ५– १) बस पार्क

२) क्यूदी

३) भर्जन खोला पार्क

४) भुवनटार खेल मैदान, त्रिशुली किनार

५) सेती भतेरी पार्क

६) कालीमाटी

७) कुवाडी पिकनिक स्पोर्ट

७) क्षमता विकास तालिम

८) गलेश्वर आश्रम जाने वाटो मर्मत

९) सडक वत्ति जडान मर्मत संभार

१०) गाउँपालिका भवन निर्माण स्थल

११) गाउँ शिक्षा समिति

१२) कृषि अनुसन्धान केन्द्र

१३) खरिद

मोटरसाईकल र Total stesnary ( सर्भे सामान )

१४) औषधि उपचार खर्च

१५) महिला स्वयंसविका यातायात खर्च

१३) विविध

क) माघे संक्रँन्ति मेलामा सहयोग

ख) गतिविधि छायांकन

ग) गा.पा. नयाँ ठेगाना

घ) होर्डिङ्ग वोर्ड

ङ) अस्थायी वस पार्क तथा शुल्क

च) सहायक कम्प्यूटर अपरेटर करार सेवामा राख्ने

छ) गाडी भाडा

निर्णयहरु

१) प्रस्ताव नं १ को निर्णय : मिति: २०७४।०९।२८ गतेका दिन दोस्रो गाउँ सभा वस्ने निर्णय गरियो ।

२) प्रस्ताव नं २ को निर्णय : योजना तथा कार्यक्रममा लागत सहभागिता सम्बन्धि पूर्व निर्णयलाई संशोधन गरि तपसिल अनुसार गर्ने निर्णय गरियो ।

तपसिल

न्यूनतम २५ प्रतिशत लागत सहभागिता : सडक पिच, खानेपानी योजना, भवन निर्माण, निश्चित बस्तिलाई मात्र लाभ हुने बस्ति स्तरको वाटो ।

न्यूनतम १५ प्रतिशत लागत सहभागिता: विद्युतिकरण

न्यूनतम १० प्रतिशत लागत सहभागिता: नयाँ ट्र्याक खोल्ने सडक

उपभोक्ताको लागत सहभागिता नभएको योजना कार्यक्रम उपभोक्ता समितिवाट गराईने छैन । अवस्था हेरी न्यूतम भन्दा बढी लागत सहभागिता जुटाउन प्रोत्साहन गरिनेछ ।

३) प्रस्ताव नं ३ को निर्णय : अर्को व्यवस्था नभए सम्म शिक्षक विज्ञापन अनुमति माग्ने सिफारिस तथा सरुवा सिफरिस दिने निर्णय गरियो । साथै शिक्षक पदपूर्ति परिक्षा संचालन, परिणम प्रकाशन र नियुत्रिक्त सिफारिस गर्ने काम गाउँकार्यपालिकाको कार्यालयवाट गर्ने निर्णय गरियो ।

४) प्रस्ताव नं ४ को निर्णय : देवघाट तिर्थ स्नान स्थल एवं शवघाट संरक्षण गुरु योजना अनुसार यस आ.व.मा ५० लाख वजेट विनियोजन गरिदिनको लागी सम्बन्धित मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो

५) प्रस्ताव नं ५ को निर्णय : यस गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजनिक, ऐलानी जग्गा नापी र संरक्षण गर्नको लागी कन्सल्टेन्ट/परामर्श सेवावाट काम लगाउने निर्णय गरियो ।

६) प्रस्ताव नं ६ को निर्णय : कन्सल्टेन्ट/परामर्श सेवावाट तपसिल अनुसारका स्थानहरुको डि.पि.आर., लागत, ईष्टिमेट, डिजाइन तयार गरि स्रोत र साधनको उपलब्धता अनुसार क्रमश: कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

वडा नं १– १) गाउँ पालिका स्तरीय रंगशाला

२) छरछरे छहरा

वडा नं २– १) खाल्टे पार्क

२) मन्दिर

३) सामुदायिक अस्पताल

४) कृषि अनुसन्धान केन्द्र, कोटवैदी

५) कमलादेवी मन्दिर पार्क

६) घण्टाचुली

वडा नं ३– १) गोगन घारी

२) छिपछिपे भञ्ज्याङ्ग

वडा न ४– १) करताप संग्राहलय

२) सोली घोप्टे भिर शिव मन्दिर

३) सिंचाङ्गगढी भ्यू

वडा न ५– १) बस पार्क

२) क्यूदी

३) मर्जन खोला पार्क

४) भुवनटार खेल मैडान, त्रिशुली किनार

५) सेती भतेरी पार्क

६) कालीमाटी

७) कुवाडी पिकनिक स्पोर्ट

७) प्रस्ताव नं ७ को निर्णय : जन प्रतिनिधि तथा कर्मचारीको विभिन्न किसिमका क्षमता विकास तालिम संचालन गर्ने निर्णय गरियो ।

८) प्रस्ताव नं ८ को निर्णय : देवघाट क्षेत्र धार्मिक पर्यटनको हिसावले ज्यादै संभावनायूक्त र देशकै महत्वपूर्ण क्षेत्र भएको तथा समय समयमा मेला पर्व लागीई रहने भएकोले सो क्षेत्रमा शान्तिकायम गर्न , रातको समयमा सुरक्षा प्रदान गर्न तथा सहरी सुरक्षाको लागी पनि गाउँपालिकाले सडक वत्ति जडान मर्मत संभार गर्ने र हाल विद्युतिकरणको बजेटवाट बढिमा रु. ३०००००। निर्णय गरियो र गलेश्वर आश्रम जाने वाटो मर्मत तथा ढलान गर्न रु १००००००। दिने निर्णय गरियो ।

९) प्रस्ताव नं ९ को निर्णय : गाउँपालिका भवन निर्माण गर्नको लागी क्यूदीमा रहेको करिव १० रोपनी क्षेत्रफलको जग्गा गाउँपालिकाको नाममा कायम गर्न वा भोगाधिकार लिनको लागी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

१०) प्रस्ताव नं १० को निर्णय : तपसिल अनुसार गाउँ शिक्षा समिति र परीक्षा संचालन तथा समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

गाउँ शिक्षा समिति

क) गाउँ कार्यपालिकाका अध्यक्ष श्री दुर्ग वहादुर थापा - अध्यक्ष

ख) प्रमुख प्रशासकीय अधिकृत श्री रमेश सुवेदी - सदस्य

ग) गाउँ कार्यपालिका सदस्य श्री विमला थापा - सदस्य

घ) गाउँ कार्यपालिका सदस्य श्री चन्द्र प्रकास वि.क. - सदस्य

ङ) गाउँ कार्यपालिका सदस्य श्री याल वहादुर गुरुङ्ग - सदस्य

च) आदर्श मा.वि. खाल्टे प्र.अ. श्री देउराम सारु - सदस्य

छ) महेश आश्रम प्राचार्य श्री गुरु प्रसाद सुवेदी - सदस्य

ज)सिंगट्याक्स वोर्डिङ्ग स्कुल प्र.अ् श्री सजिव मरहट्ठा - सदस्य

झ) भृकुटी मा.वि. अभिभावक श्री हर्क वहादुर थापा - सदस्य

ञ) शिक्षा अधिकृत श्री शिवराज खनाल -सदस्य सचिव

परीक्षा संचालन तथा समन्वय समिति

क) गाउँ कार्यपालिकाका अध्यक्ष श्री दुर्गा वहादुर थापा - अध्यक्ष

ख) प्रमुख प्रशासकीय अधिकृत श्री रमेश सुवेदी - सदस्य

ग) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि - सदस्य

घ) प्रमुख, ईलाका प्रहरी कार्यालय देवघाट - सदस्य

ङ) शिक्षा अधिकृत - सदस्य सचिव

११) प्रस्ताव नं ११ को निर्णय : देवघाट गाउँपालिका वडा नं. १ कोट वैदीमा साविक कृषि सेवा केन्द्रको नाममा रहेको जग्गामा कृषि अनुसन्धान केन्द्र स्थापना गर्ने निर्णय गरियो ।

१२) प्रस्ताव नं १२ को निर्णय : गाउँ पालिका कार्यालयको लागी बढिमा ५ लाख सम्मको एक मोटरसाईकल

र बढिमा ६ लाख सम्मको सार्वजनिक जग्गा तथा वाटो नाप, नकशाको लागी Total stesnary ( सर्भे सामान ), लेवल मेशिन मेशिनरी शिर्षकवाट खरिद गर्ने निर्णय गरियो ।

१३) प्रस्ताव नं १३ को निर्णय : यस गाउँकार्यपालिका कार्यालयका ईन्जिनियर तीर्थराज ढुङ्गाना योजना नापजाँच तथा निरीक्षण गर्नको लागी मितिः २०७४।८।२ देखि ए ८ सम्म वडा नं २, ३, ४ मा काजमा खटिनु भएकोमा खाल्टेको योजना नापजाँच तथा निरीक्षण गर्न जाने क्रममा मोटरसाईकल दुर्घटनामा परि घाईटे हुनु भएकोले वहाँको उपचार गर्दा लागेको औषधि उपचार खर्च रु. १०२००। भुक्तानि दिने निर्णय गरियो ।

१४) चालु आ.व. ०७४।०७५ मा महिला स्वास्थ्य स्वयंसविकालाई वैठक तथा अन्य कार्यक्रममा आउँदा जाँदा यातायात र खाजा खर्च वापत मासिक रु. ४००। का दरले एकमुष्ठ उपलब्ध गराउने निर्णय गरियो ।

१५) देवघाट १ थाम डाँडामा वाल विकास केन्द्र भवन निर्माण गर्ने निर्णय गरियो ।

१६) आदिवासी जनजातीको बजेटवाट देवघाट १ वसेनीटारमा भुजेल कोशेली घर वनाउने र वाँस उत्पादनमा सहयोग गर्ने निर्णय गरियो ।

१७) महिलाको बजेटवाट विद्यालयका छात्राहरुलाई पचास प्रतिशत छुटमा स्यानिटरी प्याड वितरण गर्ने व्यवस्था गर्ने निर्णय गरियो ।

१८) जनजाति भाषमा सवै वडामा हाँजिरी जवाफ प्रतियोगिता गर्ने र जनजाति भाषमा साहित्य सम्मेलन गर्ने निर्णय गरियो ।

१९) शिक्षा बजेटवाट विद्यालयमा गायन वाद्य वादन कि वोर्ड वितरण गर्ने निर्णय गरियो ।

२०) गैसस संघ संस्थालाई गाउँ कार्यपालिकाको कार्यालयसंग समन्वय र गाउँ कार्यपालिकाको कार्यालये तोकेको स्थानमा तोकेको कार्यक्रम संचालन गर्न अनुमति दिने निर्णय गरियो ।

२१) गाउँपालिका क्षेत्र भित्रको कमजोर एक कृषि सहकारीलाई फर्निचर लगायतको पूर्वाधार विकासमा रु.३०००००। सम्मको सहयोग गर्ने निर्णय गरियो ।

२२) विविध

क) देवघाटमा माघे संक्रान्ति र विराट महा यज्ञमा गाउँकार्यपालिकाको तर्फवाट सचिवालय राख्ने र सचिवालयमा स्वास्थ्य सेवा लगायतका सूचनामूलक, जानकारीमूलक सेवा दिने निर्णय गरियो । साथै मेलामा खटिने सुरक्षाकर्मीहरुलाई २ दिन खाना र खाजाको खर्च गाउँकार्यपालिकाको कार्यालयले ब्यहोर्ने निर्णय गरियो ।

ख) गाउँपालिका क्षेत्रमा संचालित योजना कार्यक्रम लगायतका गतिविधि शुरुमा र अन्तिममा छायांकन गरी रेकर्ड राख्ने निर्णय गरियो ।

ग) गाउँपालिकाको नयाँ ठेगाना अनुसार गाउँपालिका क्षेत्र भित्रको सवै सरकारी, गैर सरकारी, संघ संस्थाको ठेगाना अनिंवार्य रुपमा परिवर्तन गर्ने गर्न लगाउने निर्णय गरियो ।

घ) डढेलो, खोला पोखरीमा करेन्ट लगाउले क्रियाकलाप नियन्त्रण गर्ने तथा स्थान देखाउने होर्डिङ्ग वोर्ड राख्ने ।

ङ) माघे संक्रान्ती देखि गलेश्वर विराट महा यज्ञ सम्म सवारी व्यवस्थापन गर्न अस्थायी पार्कीङ्ग गर्न संघ संस्थालाई तपसिल अनुसार शुल्क तोकी जिम्मा दिने र उठेको शुल्कको ४० प्रतिशत गाउँ कार्यपालिकाको कार्यालयमा दाखिला गर्ने शर्तमा दिने ।

तपसिल

बस १००

कार ५०

मोटर साईकल ३०

रात्रीको समयमा दोब्बर शुल्क लिने र

च) सहायक कम्प्यूटर अपरेटरको काम गर्न एक जनालाई ब्यक्ति करारवाट काममा लगाउने तथा मालि बगैंचेको काम गर्न एक जना र सरसफाईको काम गर्न एक जनालाई ज्यालादारीमा काम लगाउने ।

छ) कार्यालय प्रयोजनको लागी एक हलुका सवारी साघन (गाडी) भाडामा लिई संचालन गर्ने ।

ज) गाउँपालिका क्षेत्र भित्रको वेवारिसे शव व्यवस्थापन गर्न पोष्ट मार्टम गर्नु पर्नेमा अस्पताल सम्म लाने खर्च र लानु नपर्नेमा व्यवस्थापन गर्ने खर्च गाउापलिकावाट व्यहोर्ने

झ) समपुरक कोष र स्व उद्यमी कोष संचालन गर्नको लागी कार्यविधि बनाई स्विकृत गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।